SAMRIDDHI
FOUNDATION




# उपभोक्ता संरक्षण ऐन को समिक्षा

www.samriddhi.org

# उपभोक्ता संरक्षण ऐन

## को समिक्षा

**प्रकाशक**
समृद्धि फाउण्डेशन
६६४, भिमसेनगोला मार्ग, मिनभवन खरीबोट
काठमाडौं, नेपाल
फोनः (९७७)-१-४४६-४६१६, ४४८-४०१६
फ्याक्स्ः (९७७)-१-४४८-५३९१
ईमेलः info@samriddhi.org
वेबसाईटः www.samriddhi.org

**© समृद्धि फाउण्डेशन**
यस प्रकाशनको सम्पुर्ण अधिकार समृद्धि फाउण्डेशनमा निहित छ । यस संस्थासँग अनुमति नलिई, यस पुस्तकको कुनै पनि अंश कुनै पनि माध्यम प्रयोग गरेर कुनै पनि रुपमा प्रकाशित गर्न, पुनःप्राप्त गर्न सकिने पद्धतिमा संग्रह गर्न र वितरण गर्न पाईने छैन । यसको पुनःप्रकाशन वा पुनःप्रयो गको लागि कुनै जानकारी लिनु पर्ने भएमा माथि दिईएको ठेगानामा समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशनमा सम्पर्क गर्न सकिनेछ । यस पुस्तकलाई कुनै अन्य कभर वाईण्डिङग हालेर वितरण गर्न पाइने छैन । अन्यको हकमा पनि यही नियम लागु हुनेछ ।

राष्ट्रको राजनीतिक तथा प्रशासकीय संरचना परिवर्तन भएको अवस्थामा नेपाल सरकारले संविधानसँग सङ्गत हुने गरी कानूनको तर्जुमा तथा संसोधन लगातार गरिरहेको छ। यसै सन्दर्भमा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले वि.स. २०५४मा लागू गरेको ऐनमा केही संसोधन गरी उपभोक्ता संरक्षण ऐन २०७५ जारी गरेको छ। यस ऐनले गुणस्तरीय वस्तु तथा सेवाप्रति उपभोक्ताको अधिकारलाई रक्षा गर्ने र यी विषयमा उपभोक्ताका गुनासोलाई सम्बोधन गर्ने प्रावधान पनि प्रस्तुत गरेको छ।

## १) परिचय

उपभोक्ता संरक्षणसम्बन्धी कानूनले कुनै पनि अर्थतन्त्रमा उत्पादक तथा उपभोक्ताबीच हुने कारोबारका शर्तलाई नियमन गर्दछ र यस्ता कानूनले समग्र सामाजिक तथा आर्थिक विकासका महत्वपूर्ण भूमिका खेलेको हुन्छ। उत्पादकहरू स्वतन्त्र रूपमा उत्पादनजन्य गतिविधि सहभागी हुने र जनमानसका लागि रोजगारीका अवसर सिर्जना गर्न र पूँजीको सिर्जना गर्न अनुकूल वातावरणको सिर्जना गर्नु वाञ्छनीय भए पनि गुणस्तरीय वस्तु र सेवाप्रतिको उपभोक्ताको संवैधानिक अधिकारको रक्षा गर्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ। यी सिद्धान्तको अनुसरण गर्दै, यस ऐनले खतरनाक वस्तु तथा सेवाबाट सुरक्षा, उपभोक्ताका आर्थिक हितको प्रवर्द्धन तथा संरक्षण, पर्याप्त जानकारीमा उनीहरूको पहुँच, शिक्षा, गुनासो सम्बोधन गर्ने प्रभावकारी संयन्त्र, र स्वतन्त्र उपभोक्ता समूहको गठन लगायतका उपभोक्ता संरक्षणका विभिन्न पक्षहरूलाई समावेश गर्ने प्रयास गरेको छ।

यद्यपि, यस्ता कानूनहरूलाई लागू गर्दा, यस्ता कानून निजी उद्यमशीलताका लागि व्यवधान नहुन भन्ने कुरा सुनिश्चित गर्नका लागि विशेष ध्यान दिनुपर्दछ किनभने निजी उद्यमशीलताले अर्थतन्त्रको वृद्धि तथा सम्पत्तिको सिर्जनालाई डोऱ्याएको हुन्छ । उद्यमशीलतासँग सम्बन्धित गतिविधिहरूलाई बाधा पुऱ्याउने उपभोक्ता संरक्षणका कानूनको अर्थतन्त्रमा गम्भीर नकारात्मक प्रभाव रहन्छ । तसर्थ, यस्ता कानूनको तर्जुमा गर्दा नीति निर्माताहरूले प्रस्तावित प्रावधानका विभिन्न लाभ र लागतलाई विशेष ध्यान दिनु आवश्यक हुन्छ ।

**जटिल र बुझ्न गाह्रो**

कानून निर्माताहरूले कानूनका उपभोक्ता– उद्यमी, लगानीकर्ता तथा सवसाधारणले बुझ्ने र अनुसरण गर्न सक्ने गरी कानूनहरू सरल हुने कुराको सुनिश्चितता गर्नुपर्दछ । कुनै पनि अस्पष्टताले स्पष्टता तथा पूर्वानुमान गर्ने अवसरलाई विलय गरिदिन्छ, र कानूनलाई प्रशासकहरूको तजबिजीमा निर्भर रहने व्याख्याको अधीनस्त बनाइदिन्छ । यसो हुँदा, उपभोक्ता वा उत्पादक वा दुवै पक्षको सर्वोत्तम हितको रक्षा चाहिने मात्रासम्म हुन्छ भन्ने कुराको प्रत्याभूति हुँदैन । उदाहरणका लागि यो ३३ पृष्ठ लामो ऐनमा ४१ स्थानमा ''तोकिए बमोजिम हुने'' भनेर उल्लेख गरिएको छ । यसको अर्थ, यस ऐनलाई पूर्ण रूपमा बुझ्नका लागि मानिसहरूले अन्य ४१ वटा पक्ष वा स्थानहरूमा हेर्नुपर्ने हुन्छ । साथै, उनीहरूले यसो गरिहालेमा पनि, यी प्रावधानका व्याख्या व्याख्या गर्ने व्यक्तिअनुसार फरक पर्न सक्छ । यसले कुनै पनि

लगानीकर्ता वा उद्यमीको निर्णयका लागि एकदमै आवश्यक हुने भविष्यको नीतिगत वातावरणमा शङ्का पैदा हुन्छ। समग्रमा यसले देशमा रहेको लगानीको वातावरणलाई प्रभाव पार्न सक्छ। विभिन्न प्रकारका वस्तु तथा सेवाहरूसँग सम्बन्धित प्रावधानहरू एउटै ऐनमा समावेश गर्दा बुझ्न गाह्रो हुन्छ र फलतः ऐन जटिल बन्न पुग्छ।

**सुझाव**

- उपभोक्ता संरक्षण ऐनलाई अन्य विभिन्न ऐन तथा नियमावलीलाई संग्रह गर्ने गरीको एक छाता ऐनको रूपमा लागू गर्न/ल्याउन सकिन्छ।

## २) मूल्यको नियमन

एकदमै राम्रा उद्देश्यले गरिएको भए पनि मूल्यको नियमनले नकारात्मक प्रभाव पार्दछ। सरकारले माग र आपूर्तिसम्बन्धी अर्थशास्त्रीय शक्तिलाई सरकारको तर्फबाट हुने हस्क्षेपले कहिल्यै किनारा लगाउन सक्दैन भनेर बुझ्नु जरुरी छ। माग र आपूर्ति अभिरुचि र लागतप्रतिको प्रतिक्रियाका आधारमा निरन्तर रूपमा परिवर्तन भइरहन्छ तर लामो राजनीतिक प्रक्रिया पछ्याउँदै सरकारले मूल्यमा गर्ने परिवर्तनबाट आउने सरकारी मूल्य प्रभावकारी रूपमा कहिल्यै पनि सन्तुलित मूल्य बन्न सक्दैन। यसको अर्थ, सरकारले तोकेको मूल्य कि त एकदमै धेरै हुन्छ, कि त एकदमै थोरै। उपभोक्तालाई संरक्षण गर्ने उद्देश्यले लागू गरिने मूल्य प्रायः बजारले निर्धारण गर्ने मूल्यभन्दा कम हुने गरेको छ।

यदि मूल्यलाई प्राकृतिक तहभन्दा कम निर्धारण गरिएमा, उद्यमीहरूले इच्छाएको मुनाफा आर्जन गर्न सक्दैनन, जसले उक्त क्षेत्रलाई कम लाभकर बनाउँछ। यसले उद्यमी र उक्त क्षेत्रमा आउने नवप्रवेशी दुवैलाई प्रभाव पार्दछ। विद्यमान उद्यमीहरूसँग पनि नवीनतम् कार्य गर्न तथा व्यवसायलाई बढाउने उत्प्रेरणाको कमी हुन्छ। तसर्थ, उनीहरूले उक्त क्षेत्रबाट मानव संसाधन, पूँजी र लगानी जस्ता स्रोतहरू निकाल्न थाल्छन् र राम्रो प्रतिफलका लागि अन्य क्षेत्रमा अवसर खोज्न थाल्छन्। दीर्घकालमा, मूल्यको नियमनले नवप्रवेशी तथा लगानीको मात्रालाई घटाउँछ। तसर्थ, मूल्यको नियमनले अर्थतन्त्रमा व्यापार र लगानीको परिमाणलाई घटाउँछ। यसले प्रतिस्पर्धालाई प्रभाव पार्ने मात्रै नभई उक्त क्षेत्रमा नवीनतम् कार्य वा नवप्रवर्तनलाई पनि प्रभाव पार्दछ। ऐनका दफा ४, उप–दफा २ र खण्ड जले यस्ता नकारात्मक प्रभाव पार्न सक्छ।

यसका साथै, दफा २१(२)मा तोकिएको बमोजिमको निकायले तोकिए बमोजिमको वस्तु वा सेवाको मूल्य निर्धारणसम्बन्धी मापदण्ड तयार पार्ने प्रावधान उल्लेख भएको छ। 'तोकिए बमोजिम' भन्ने शब्दावलीले कानूनलाई स्वेच्छाचारी बनाउँछ र मूल्य निर्धारणलाई सरकारी निकायहरूको तजबिजीको अधिकारको अधीनस्त बनाइदिन्छ। यस्तो अवस्थामा, शक्तिशाली उद्योग तथा व्यवसायहरूले उनीहरूको ठूलो मात्रामा उत्पादन गरी लागत घटाउने क्षमताको फाइदा उठाउँदै मूल्य निर्धारण गर्नेहरूलाई प्रभावित पार्ने सम्भावना हुन्छ जसले बजारका साना उद्यम तथा नवप्रवेशीलाई टिक्न गाह्रो बनाइदिन्छ।

दीर्घकालमा मूल्यको नियमनले उपभोक्ताको हित विपरीत कार्य गर्दछ ।

सर्वप्रथम, मूल्यको निर्धारणले उद्यमीहरूलाई महङ्गो नियन्त्रित वितरण (Costly Rationing) मा सहभागी हुनका लागि व्यवधान खडा गर्दछ । मूल्यको नियन्त्रणले उपभोक्ताको हित विपरीत कसरी कार्य गर्दछ भन्ने विषयको उदाहरण नेपाल आयल निगमले प्रत्येक पटक मूल्य घटाउँदा देख्न सकिन्छ । एकातर्फ मूल्य घटेको हुन्छ, तर आपूर्तिकर्ताले प्रत्येक पटक छोटो समयका लागि कृत्रिम अभाव सिर्जना गर्दछन् । अत्यावश्यक वस्तुहरूको हकमा, अन्य देशहरू, विशेषगरी भारतको उदाहरणमा कहिलेकाहीँ अत्यावश्यक खाद्यान्नको आपूर्तिलाई घटाउने र भविष्यमा हुने आपूर्तिका बारेमा पनि अनिश्चितता बढाएको र फलतः नियन्त्रित वितरण सिर्जना गरेको र खाद्यान्नको मूल्य बढाएको पाइन्छ ।

अर्कोतर्फ, सञ्चालनमा रहेका उद्यम, प्रतिस्पर्धा र नवप्रर्वतनको सङ्ख्यामा आउने कमीले उपभोक्ताका लागि उपलब्ध विकल्पहरूलाई थप घटाउँछ । साथै, मूल्यका आधारमा उद्यमहरूले प्रतिस्पर्धा गर्ने अवस्था नरहँदा उनीहरूले सेवा र वस्तुको गुणस्तरमा सम्झौता गर्न थाल्छन् । विकल्पमा आउने कमी तथा वस्तु र सेवाको गुणस्तरमा आउने ह्रासले उपभोक्ताको कल्याणलाई थप घटाउँछ ।

प्रतिस्पर्धा तथा नवप्रवर्तनलाई सीमित बनाउनु कुनै पनि समाज र अर्थतन्त्रका लागि सबैभन्दा घातक हुन्छ किनभने

यसले राम्ररी काम गरिरहेको बजारलाई बिगार्ने मात्रै नभएर उक्त उत्पादनको भविष्यको सम्भावित बजारलाई पनि हानि पुऱ्याउँदछ ।

अतः उपभोक्ताको संरक्षणको अभिप्रायले लागू गरिने मूल्यको नियन्त्रण यसको आकर्षणको बावजूद एकदमै लोकप्रिय औजार होइनन् किनभने यसले बजारमा हुने स्रोतको विनियोजनलाई बिगार्दछ । बरु यसले मूल्य वृद्धि, आपूर्तिको अभाव, नियन्त्रित वितरण, उत्पादनको गुणस्तरमा ह्रास र सम्भावित कालो बजार जस्ता समस्याहरू निम्त्याउँछ । यस्ता मूल्यको अवस्थाले बिक्रेता सरकारले तोकेका मापदण्ड तथा मूल्यको अनुपालना नगर्ने प्रकारका अनौपचारिक बजारलाई बढावा दिन्छ ।

**सुझाव**

- प्रतिस्पर्धी बजारको अनुशासनात्मक प्रभाव तथा विवेकशील निर्णय लिन सक्ने उपभोक्ता क्षमता उपर सरकारले अझ बढी विश्वास व्यक्त गर्नुपर्दछ । अर्थतन्त्रमा स्वतन्त्र रूपमा सञ्चालित हुने निजी क्षेत्रले नवप्रवर्तनमार्फत् क्रेताले तिर्ने मूल्यलाई घटाउने विभिन्न प्रकारका सफलत् विधिहरू पत्ता लगाउन सक्छन् । अतः अर्थतन्त्र तथा समाजको बहत्तर हितका लागि सरकारले उल्लेखित प्रावधानलाई हटाउनु पर्दछ ।
- बजारका प्रतिस्पर्धी उद्यमका बारेमा थप जानकारीउपर उपभोक्तालाई थप पहुँच प्रदान गर्ने प्रावधानको कार्यान्वयनले चाहेको उद्देश्य पूरा गर्न सकिन्छ । जानकारीसम्मको बृहत्तर पहुँच र परामर्शमार्फत् उपभोक्ता

शिक्षा प्रदान गर्नाले उपभोक्ताले सबैभन्दा बढी खरिद गर्न चाहेका वस्तु तथा सेवालाई सुपथ मूल्यमा उपलब्ध गराउन सकिन्छ । जानकारीसम्मको उपयुक्त पहुँचका साथ जब बजारका सबै शक्तिहरूले आ–आफ्नो भूमिका खेल्छन्, उपभोक्ताको पक्षमा सरकारले गर्ने प्रत्यक्ष हस्तक्षेप र अन्य संरक्षक विधिहरू अनावश्यक हुन्छन् ।

## ३) मुनाफाको दरको निर्धारण

मुनाफाको दरको निर्धारण मूल्य निर्धारण गर्ने एक अर्को लोकप्रिय विधि हो । यस्ता नियमहरू प्रायः बजारका असफलतालाई सच्याउने उद्देश्यका साथ लागू गरिन्छ । घटाइएको मूल्यमा स्रोतहरूको विनियोजनमार्फत् उपभोक्ताको हितमा केन्द्रित रहने सरकारी हस्तक्षेप अल्पकालीन समयका लागि मात्रै फलदायी हुने बताइन्छ । तर, यस्ता नीतिका अनपेक्षित प्रतिफलको सूची लामो हुने भएकाले दीर्घकालमा यस्ता नीतिले अर्थतन्त्रमा नकारात्मक असर पार्दछ ।

मुनाफाको दरको निर्धारणले कुनै पनि अर्थतन्त्रको उद्यमशीलताको वृत्तलाई धेरै हदसम्म प्रभाव पार्दछ । सरकारी निकायका तजबिजीको आधारमा गरिने मुनाफाको दरलाई निर्धारण गर्ने यस्ता नीतिलाई उद्यमी, नवप्रवर्तक तथा लगानीकर्ताहरूले व्यवधानको रूपमा हेर्ने गरेका छन् । जब कुनै व्यक्तिलाई लागनीबाट अपेक्षा गरिने प्रतिफलको स्तरसम्मको पहुँचबाट वञ्चित गरिन्छ, उक्त क्षेत्र अनाकर्षक बन्न पुग्छ । तसर्थ, यस्ता नीतिले लगानीको वातावरणलाई प्रतिकूल मात्रै बनाउँदैन, यसले उक्त क्षेत्रमा हुने उद्यमशीलता तथा नवप्रर्वतनमा पनि बाधा पुऱ्याउँदछ । वास्तवमा,

उद्योगहरूलाई उच्च मुनाफा आर्जन गर्नबाट रोक्ने कठोर नियमहरूले विद्यमान उद्यमीहरूलाई उनीहरूको उद्यमलाई सञ्चालन गरिरहन हतोत्साहन गर्दछ। कुनै पनि प्राकृतिक व्यक्तिका लागि धेरै मुनाफा लिन खोज्नु वा मुनाफा हुने क्षेत्रहरूमा लगानी गर्न खोज्नु स्वभाविक विषय हो। यसको दुईवटा नकारात्मक प्रभाव हुन सक्छन्:

धेरै उत्पादन गरेर मूल्यलाई घटाउन सक्ने कम्पनीहरू मत्रै बजारमा रहन्छन्। दीर्घकालमा यसले उत्पादनको आपूर्तिलाई बिथोल्ने मात्रै नभई, बजारमा हुने प्रतिस्पर्धामा पनि बाधा पुऱ्याउँछ। घटेको आपूर्तिले उत्पादनको मूल्यलाई बढाउँछ वा उत्पादको गुणस्तरमा ह्रास ल्याउँछ।

व्यापारीहरू छलसहितका व्यापारिक अभ्यासमा संलग्न हुन्छन् र उत्पादनको आपूर्तिलाई नियमित बनाउँछन्। उदाहरणका लागि, सन् २०१७मा आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले दरबारमार्गका व्यापारीहरूले उनीहरूको वस्तुको बिक्री गर्दा उच्च मुनाफा लिएको थाहा पाएपछि छापा हानेर नौवटा ब्राण्डेड वस्तुका पसलहरूमा तालाबन्दी गरेको थियो। नेपालमा २० प्रतिशतभन्दा बढी मुनाफा राखेर कुनै पनि व्यापारीले मालसामानको बिक्री वितरण गर्न नपाइने नीतिअनुरूप यी पसलहरूलाई आरोप लगाइएको थियो। तर यो नीति उद्यमीहरूका लागि न्यायसङ्गत थिएन किनभने उक्त मुनाफामा घर बहाल, कर्मचारीको तलब–भत्ता, बैंकको ब्याज र व्यवसायमा हुने अन्य खर्चहरू समावेश गर्न सकिदैन। त्यसैले उनीहरूले भन्सार शुल्क छल्नका लागि न्यून

बिजकीकरण गरेको र त्यसैले मुनाफाको दर उच्च भएको जस्तो देखिएको थियो र यही विषयलाई लिएर गलत तरिकाले व्यापार गरेका भन्ने कुरामा गाह्रो मान्दै सहमती जनाएका थिए ।

यस्तो अवस्थामा, प्रतिस्पर्धाको अभावमा वृद्धि हुने मूल्य तथा गुणस्तरमा आउने ह्रासको पीडित अन्ततः उपभोक्ता नै हुने गर्छन् । बजार अर्थतन्त्रमा, यी समस्यालाई प्रतिस्पर्धाको माध्यमले सच्याउन सकिन्छ ।

**सुझाव**

- उपभोक्ता, उद्यमी तथा अर्थतन्त्रका लागि थप फाइदाजनक हुने गरी यस्ता प्रावधानहरू हटाउने ।

## ४) आपूर्तिसम्बन्धी नियम

आपूर्ति सम्बन्धी नियमनहरू सरकारले बजारमा सेवा र वस्तुको अनुपलब्धता हुने गरीको बजारको सम्भावित असफलतालाई सच्याउनका लागि लागू गर्ने गर्दछ । तर, केही प्रकारका आपूर्तिसम्बन्धी नियमहरूले अपारदर्शी मूल्य, सेवा वा वस्तुको खरिदका लागि लामो लाइन लाग्ने र माग तथा आपूर्ति दुवै पक्षलाई नकारात्मक प्रभाव पार्ने गरीका बिथोल्ने व्यवहार जस्ता समस्याहरू निम्त्याउन सक्छ ।

कुनै पनि बिक्रेताले भण्डार गर्न सक्ने वस्तुको अधिकतम् मौज्दातलाई सीमित बनाउँने वस्तु तथा सेवाको आपूर्तिसम्बन्धी कडा नियमनले बजारको संयन्त्रलाई बिग्रार्छ। यस्तो अवस्थामा, स्वेच्छाले वस्तु वा सेवा खरिद गर्न चाहाने क्रेतालाई स्वेच्छाले बिक्री गर्न चाहाने बिक्रेता सो वस्तु वा सेवा बिक्री गर्न सक्षम हुँदैनन्। यस्ता कठोर नीतिका कारण माग उच्च हुने र आपूर्ति कम हुने गरी राम्ररी सञ्चालन भइरहेको बजारलाई बिथोल्ने हुँदा क्रेता र बिक्रेता नचाहँदा नचाहँदै कालो बजारमा कारोबार गर्न थाल्छन्। यहाँ क्रेताहरूले औपचारिक माध्यमबाट वस्तुउपर पहुँच पु¥याउन नसक्ने अवस्थामा पनि यसले यस्ता वस्तुको उपभोगमा कमी आउँदैन भनेर बुझ्नु जरुरी हुन्छ। बरु, उनीहरूले सो वस्तु वा सेवा कालो बजारबाट उपभोग गर्न थाल्छन् र प्रायः सोही वस्तुका लागि उच्च मूल्य तिर्न तयार हुन्छन्, र आपूर्तिकर्ताहरूले कृत्रिम अभावको सिर्जना गर्दै अझ धेरै फाइदा उठाउन सक्छन्। माग र आपूर्तिबीचको यो परिणात्मक भिन्नताले मानिसहरूलाई कालो बजार, कृत्रिम अभाव र नियन्त्रित वितरणलाई प्रवर्द्धन गर्ने प्रकारका व्यवहारमा संलग्न हुनका लागि उत्प्रेरणा प्रदान गर्दछ। यो अवस्था आपतकालनी अवस्था वा विशेष अवस्थामा झनै नराम्रो हुनसक्छ। एकातर्फ कालो बजार आर्थिक गतिविधिको अभिलेख नरहने गैर–कानूनी र कर नतिर्ने बजार हो र यसले अर्थतन्त्रमा गम्भीर जोखिम पु¥याएको हुन्छ भने अर्को तर्फ वस्तुको उपलब्धताका विषयमा हुने गाह्रो स्थिति र वृद्धि भएको मूल्यले उपभोक्ताको हितप्रति नकारात्मक असर पु¥याएको हुन्छ।

दफा ४(२)को खण्ड ‘छ’को कार्यान्वयनबाट उद्यमीले बजारको अवस्थामा आउने परिवर्तनबाट उचित मुनाफा आर्जन

गर्न सक्दैनन् । यसको विपरीत, यससँग सम्बन्धित भएर आउने जोखिम भने उद्यमीहरूले एक्लै बेर्होनु पर्ने हुन्छ । साथै, सोही खण्डले "तोकिएको मूल्यमा उत्पादकबाट खाद्य वस्तु प्राप्त गर्ने" पक्ष उल्लेख गरेको छ, जुन आफैँमा स्वेच्छाकारी छ र यसले सरकारी निकायलाई वस्तु खरिद गर्ने मूल्य निर्धारण गर्ने तजबिजी दिन्छ । नेपालमा नेपाल खाद्य संस्थानले आफ्नो स्थापना कालदेखि नै बजारबाट खाद्यान्न खरिद गरेर विभिन्न जिल्लामा बिक्री वितरण गर्दै आएको छ । तर, नेपालको ग्रामीण क्षेत्रमा खाद्यान्नको माग उच्च रहेको छ र यस्ता अभावका क्षेत्रमा खाद्यान्नको मूल्यमा हुने वृद्धिबाट गरिब जनतालाई बचाउनका लागि नेपाल खाद्य संस्थानबाट प्राप्त सहयोग अपर्याप्त रहेको छ । तसर्थ, खाद्यान्नको यो अभावलाई समाधान गर्न निजी क्षेत्रलाई बढावा दिने, प्रतिस्पर्धा गर्ने र नवप्रवर्तन गर्ने प्रकारका नीतिमार्फत् कृषि क्षेत्रको सुदृढीकरण गर्नु नेपालको अहिलको आवश्यकता हो । यी अनुचित अभ्यासले उपभोक्ताको हितमा पक्षमा बजार को प्रवृत्तिलाई सुधार गर्ने प्रकारका प्राविधिजन्य नवप्रवर्तनहरूलाई बाधा पुऱ्याउने गरी यस क्षेत्रमा निजी उद्यमहरूलाई थप लगानी गर्न हतोत्साहित गर्दछ । अतः उद्यमशीलताप्रतिका यी बाधाहरू प्रतिउत्पादक हुनसक्छन् ।

आपूर्तिसम्बन्धी नियमनले बजारमा हुने प्रतिस्पर्धाको तहलाई पनि बिथोल्छ । मूल्य, गुणस्तर र आपूर्तिको नियमनले उद्यमीहरूलाई प्रतिस्पर्धा गर्ने आधारबाट नै विमुख गराउँदछ । यो चालू अवस्थामा रहेका उद्यमलाई आफ्नो व्यवसायलाई अगाडि बढाउन र उक्त क्षेत्रमा नयाँ उद्यमलाई प्रवेश गर्ने विषयका लागि एक ठूलो व्यवधान हो । साथै, यस्ता परिणामले गर्दा केही उद्यमहरूले मात्रै फाइदा उठाउँछन् भने नयाँ उद्यमी, उपभोक्ता तथा अर्थतन्त्रको हितलाई

नकारात्मक प्रभाव पार्दछ ।

अन्त्यमा, अत्यावश्यक वस्तुको आपूर्तिलाई कायम राख्ने सरकारको प्रयास प्रशंसनीय हो तर यो आफैँमा एक महङ्गो कार्य हो । यो आफैँमा उच्च श्रम लाग्ने र महङ्गो मात्रै नभएर यो बजारका शक्तिलाई कार्य गर्नका लागि व्यवधान पनि हो ।

**भावी कार्यदिशा**

- आपूर्तिकर्ताहरूमा न्यायोचित प्रतिस्र्धालाई बढावा दिने प्रकारका नीतिहरू समावेश गरिएका र प्रतिबन्ध लगाउने नीतिहरूलाई अप्रभावी बनाउने सुधारहरू अर्थतन्त्रका लागि एकदमै फाइदाजनक हुन्छ । यस्ता सुधारात्मक कार्यमार्फत् उद्यमशीलतालाई प्रोत्साहन गर्नाले वस्तुहरूलाई अझ सहजै उपलब्ध हुने तथा सुपथ बनाउँछ ।

## ५) गुणस्तरको नियमन

गुणस्तर नियन्त्रणसँग सम्बन्धित कानूनहरू उपभोक्तालाई निम्न स्तरको वस्तुहरबाट उपभोक्तालाई संरक्षण गर्ने उद्देश्यले तर्जुमा गरिन्छन् । तर नेपालजस्तो न्यून आय भएको देशमा उपयुक्त लाभ–लागतको विश्लेषण नगरीकन सबै वस्तु तथा सेवाका मापदण्डका लागि ल्याइने यस्ता कानूनले  उपभोक्ताको हित तथा आर्थिक प्रतिस्पर्धामा

नकारात्मक प्रभाव पार्न सक्छ ।

गुणस्तर नभएको वस्तु के हो भन्ने विषयमा उपयुक्त परिभाषा दिन यो ऐन चुकेको छ । ऐनको दफा १६(२) खण्ड 'थ'ले "...बिक्री वा प्रदान गर्ने कुने संरचना, मानक वा मापदण्ड पूरा नगरी बिक्री गरेमा..." भन्ने विषय उल्लेख गरेको छ । उपभोक्ता संरक्षणको नियमावलीको अभावमा 'तोकिएको' शब्दावलीले यस खण्डलाई स्वेच्छाकारी बनाएको छ, जसले उत्पादकहरूमा सन्देहको सिर्जना गर्न सक्छ ।

उपभोक्ता संरक्षणको प्रमुख उद्देश्य भनेको उपभोक्ताको हित संरक्षण गर्नु हो । तसर्थ, यस्ता कानूनको तर्जुमा गर्दा उपभोक्ताको खरिद गर्ने सक्ने क्षमता तथा प्रयोग गरिने सेवा, गुणस्तर तथा प्रविधिको इच्छाइएको स्तरप्रतिको उनीहरूको छनौटप्रति विशेष ध्यान दिनु पर्दछ ।

नेपालको आर्थिक सर्वेक्षण २०१८अनुसार, नेपालका २१.६ प्रतिशत जनताहरू गरिबीको रेखामुनि बाँचिरहेका छन् । साथै नेपालको ४० प्रतिशत जनसङ्ख्या गरिब वा न्यून आय भएको समूहमा पर्दछन् भने १० प्रतिशत जनता मात्रै धनीको वर्गीकरणमा परेका छन् । नेपालको अधिकांश जनसङ्ख्या (४० प्रतिशत)ले देशको कुल आयको १२ प्रतिशत मात्रै कमाउँछन्, भने सबैभन्दा धनीले १० प्रतिशले ३५ प्रतिशत कमाउँछन् ।

न्यून वा तल्लो तहका मध्यम आय भएका जनतालहरूको खरिद क्षमता थोरै हुन्छ भन्ने स्पष्ट रहेको छ । माथिका तथ्याङ्कले प्रस्तुत गरे झैँ, यो समूह भनेका नेपालको जनसङ्ख्यामा बाहुल्यता रहेको समूह हो । अतः उच्च गुणस्तरको सेवा तथा वस्तुको अनुपलब्धताका कारण नेपालका अधिकांश जनताले वस्तुको गुणस्तरका विषयमा सानो अपेक्षा राखेका हुन्छन् भनेर पनि यसलाई व्याख्या गर्न सकिन्छ । न्यून खरिद क्षमता भएका यी उपभोक्ताले सचेत रूपमा सम्झौता गर्ने र थोरै मूल्य भएका वस्तुमा चित्त बुझाउने सम्भावना हुन्छ । फलतः नेपालमा न्यून गुणस्तर भएका वस्तुहरूको माग उच्च हुन पुग्छ । तसर्थ, अधिकांश उत्पादकहरूले स्थानीय बजारको मागलाई पूरा गर्ने गरी यस्ता वस्तु तथा सेवाको उत्पादनमा संलग्न हुन्छन् ।

स्थानीयले थोरै मूल्य वस्तु तथा सेवाको माग गर्ने अवस्थामा जब कानून उत्पादनको मापदण्डका विषयमा कठोर हुन्छन् कुनै पनि विवेकशील उत्पादकले स्थानीय मागलाई सम्बोधन गर्ने नै प्रयास गर्दछ । अतः यी उत्पादकहरू मापदण्डमा सुधार गर्नुभन्दा अनौपचारिक अर्थतन्त्रमा व्यवसाय गर्ने निर्णय गर्छन् । अनौपचारिक अर्थतन्त्रमा घरेलु वा अन्तर्राष्ट्रिय नियम तथा मापदण्डको अनुपालना गर्ने कुनै बाध्यता हुँदैन त्यसैले उनीहरूले स्थानीय बजारले माग गरे बमोजिमका वस्तुहरूको आपूर्ति गर्छन् । कानूनले निर्धारण गर्ने मापदण्डअनुसारको वस्तु तथा सेवालाई किन्न नसक्ने उपभोक्ताहरू अनौपचारिक अर्थतन्त्रबाट वस्तुहरूको उपभोग गर्न बाध्य हुन्छन् । जब उपभोक्ताहरूलाई आधारभूत वस्तुका लागि अनौपचारिक बजारको प्रयोग गर्न विकल्पको अभावले गर्दा बाध्य बनाइन्छन्, उनीहरूलाई उनीहरूको

सुरक्षा, सूचना, कानूनी उपचार तथा स्वस्थ वातावरणप्रतिको अधिकारबाट वञ्चित हुन्छन् । उपभोक्ता हित संरक्षण गर्ने धेरै संस्थाहरूले जनतालाई अनौपचारिक अर्थतन्त्रलाई बढावा दिने अभ्यासहरूमा नलाग्न आव्हान गरिरहेका हुन्छन् किनभने अनौपचारिक अर्थतन्त्रले उपभोक्ताहरूलाई थप समस्यामा धकेल्छ ।

व्यवसायसँग सम्बन्धित कानूनको अनुपालना गर्दा उद्यमीहरूका लागि महङ्गो सावित हुँदा यसले उनीहरूलाई औपचारिक अर्थतन्त्रमा समावेश हुन हतोत्साहित गर्दछ । जब औपचारिक क्षेत्रका नवप्रवेशीको सङ्ख्या सीमिति हुन्छ, कुनै पनि व्यावसायिक क्षेत्रमा हुने प्रतिस्पर्धा नकारात्मक रूपमा प्रभावित हुन्छ । साना उत्पादकहरूका लागि मापदण्ड पूरा गर्ने गरी आफ्ना उत्पादनका प्रक्रियाहरूलाई सुदृढ बनाउन क्षमता र स्रोतको अभावले गर्दा गाह्रो हुन्छ । तसर्थ, घरेलु तथा अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न सक्ने क्षमता भएका ठूला उद्योग वा बहुराष्ट्रिय कम्पनीहरू मात्रै औपचारिक अथतन्त्रमा सञ्चालन भइरहन सक्छन् । यस्तोमा साना, मझौला र लघु उद्यमहरू अल्पविकासको दुष्चक्रमा फस्छन् भने मापदण्डको अनुपालना नगर्दा मूल्यवान बजारको पहुँचबाट बाहिरिनु पर्ने अवस्थाले उनीहरूको भविषयको विकासलाई प्रभावित पार्दछ ।

नेपालका साना तथा मझौला उद्यमहरूले वस्तुसम्बन्धी कठोर मापदण्डका कारण इच्छा नहुँदा नहुँदै पनि आफ्ना उद्यम तथा कारखानाहरू बन्द गर्नुपर्ने जस्ता गाह्रो अवस्थाको सामाना गरेका छन् । नेपालमा साना व्यवसायले अनुपालना

गर्न नसक्ने मापदण्डले प्रायः ठूला उद्यमलाई अनुचित फाइदा पुऱ्याएको छ। नेपालले यसको रोकथामका लागि उच्च प्राथमिकता दिनु पर्दछ किनभने ८० प्रतिशतभन्दा बढी नेपाली उद्यमीहरू साना तथा मझौला उद्यममा संलग्न रहेका छन्। व्यापक गरिबी रहेको अवस्थामा, यदि यस्ता प्रावधानले साना उत्पादकहरूलाई गतिशील बजारबाट बाहिर राख्ने र धेरै लाभप्रद नहुने र अनौपचारिक बजारमा मात्रै आपूर्ति गर्ने गरी सीमित बनाएमा यसले गम्भीर नीतिगत समस्याहरू निम्त्याउने छ।

**सुझाव**

- दफा ७(१)को खण्ड (घ) र (ङ), दफा १६(२)को खण्ड (क), (ग), (झ), (ट), (ठ) र (ड)को प्रभावकारी कार्यान्वयनले उपभोक्तालाई हानि वा क्षति नपुऱ्याउने उत्पादनहरूको मात्रै उपभोग हुने सुनिश्चितता गर्दछ।
- सेवा तथा वस्तुको गुणस्तर निर्धारण गर्नु वाञ्छनीय हो। तसर्थ, स्वेच्छाचारी रूपमा व्याख्या गर्न सकिने प्रावधानहरूलाई स्पष्टीकरण गर्ने प्रयास गर्नुपर्दछ। साथै, यस्ता नियमहरूको लागू गर्नुभन्दा पहिले उपयुक्त ढंगले लागतको विश्लेषण गर्नुपर्ने पूर्वशर्तसहितको प्रावधानलाई समावेश गर्नु वाञ्छनीय हुन्छ।
- व्यवसायहरूले न्यूनतम मापदण्ड पूरा गरेर वस्तु तथा सेवाको उत्पादन गर्ने गरी वस्तु तथा सेवाहरूको न्यूनतम मापदण्ड निर्धारण गर्नु वस्तु वा उत्पादनको पूर्वाधारका विषयमा निश्चित मापदण्ड निर्धारण गर्नुभन्दा उपयुक्त हुन्छ। यसले साना तथा मझौला उद्योगहरूलाई सबैभन्दा कुशल रूपमा वस्तुहरूको उत्पादन गर्दै ठूला उद्यो

गसँग प्रतिस्पर्धा गर्न सक्षम बनाउँछ र बजारको माग पनि पूरा हुन्छ ।

## ६) उपभोक्ता संरक्षण परिषद्

नेपालको उपभोक्ता संरक्षण परिषद्मा १५ जना सदस्यहरू रहेका छन् । उद्योग तथा वाणिज्य मन्त्रीले नेतृत्व गर्ने परिषद्मा अन्य सदस्यहरू विभिन्न मन्त्रालयका प्रमुखहरू हुन्छन् । उपभोक्ताको सुरक्षाको सुपरीवेक्षण गर्नका लागि परिषद् धेरै नै महत्वपूर्ण भए पनि उल्लिखित संरचनाको प्रभावकारीता तथा कार्यकौशलता प्रति प्रश्न गर्ने ठाउँ छन् । परिषद्को संरचनाअनुरूप सदस्यहरूमा मन्त्री तथा उच्च ओहोदाका सरकारी कर्मचारी हुन्छन् भनेर बुझ्नु जरुरी हुन्छ । यी सदस्यहरू आ–आफ्ना विभागको सुपरीवेक्षणको कामले अति नै व्यस्त हुने भएकाले उपभोक्ताको हितको संरक्षण उनीहरूको उच्च प्राथमिकतामा कहिल्यै पर्न सक्दैन । साथै, यी सदस्यहरूको बैठक बसाल्नु पनि कठिन हुन्छ, विशेषगरी उनीहरूले उपलब्ध गराउन सक्ने समयको कारणले ।

परिषद् सरकार केन्द्रित रहेको छ र यसले विभिन्न सरोकारवालाको प्रतिनिधित्व गर्न सकेको छैन । यसले पूर्ण रूपमा सूचित नभई लिने निर्णयको जोखिमलाई बढाउँछ । नीति तथा कानून बनाउने प्रक्रिया पनि केन्द्रिकृत हुन्छ जसले गर्दा यी नीति तथा कानूनहरू केही निश्चित समूहका लागि मात्रै सान्दर्भिक हुन्छ भने अर्थतन्त्रको ठूलो हिस्सामा पर्ने प्रभावलाई नजरअन्दाज गरिन्छ । हस्तक्षेपकारी पद्धतिमा केन्द्रित हुँदै र बजारका सङ्केतहरूलाई पूर्ण रूपमा अवहेलना

गर्दै लागू गरिएका नीति तथा कानूनका उदाहरण पनि छन्। यस्ता नीतिले अल्पकालमा राम्रा प्रतिफल ल्याए पनि दीर्घकालमा विचित्र प्रकारका परिणाम निम्त्याउँछन्। यस संसोधन गरिएको ऐनमा परिषद्का सदस्यका रूपमा मन्त्रालयहरूबाट आमन्त्रित हुने सदस्यहरूको सङ्ख्यामा गरेको वृद्धिले भविषयमा यस्तै प्रकारका जोखिम निम्त्याउँछ।

## सुझाव

- परिषद् विविधतायुक्त हुनुपर्दछ र मानव संसाधान, अर्थशास्त्र, विज्ञापन, सञ्चार माध्यम (मिडिया), शिक्षा, मापदण्डा तथा परीक्षण समिति, बहुराष्ट्रिय तथा स्थानीय उद्यमी, र अन्य उपभोक्ता संरक्षण समिति जस्ता विभिन्न क्षेत्रका सरोकारवालाहरूलाई पनि समेट्नु पर्दछ। यसो गर्ने एक उपाय भनेको अर्थतन्त्रका विभिन्न वृत्तबाट बजार तथा विभिन्न नीतिका परिणामहरूको वास्तविक चित्र प्रस्तुत गर्ने गरी सल्लाहकारहरू नियुक्त गर्नँ हो। बृहत्तर समितिले शायद सरकारलाई आवश्यकीय विषयमा सुझाव दिन सक्छ भने अर्कोतर्फ यसबाट अर्थतन्त्र, बजार र प्रतिस्पर्धालाई पनि सम्मान गरेको ठहर्छ।

## ७) निरीक्षण संयन्त्र

माथि उल्लेख गरिएको ऐनका प्रावधानले निरीक्षणको विषयमा स्वच्छाचारी व्यवहार प्रदर्शन गर्ने हुँदा यसले उद्यमीहरूमा सन्देहको सिर्जना गराउँदछ। यो ऐन अचानक हुने निरीक्षणलाई परिभाषित गर्नबाट चुकेको छ। यस ऐनले अनुमगन

गर्ने अधिकारहरूलाई कर्तव्य निर्वाह गर्ने सवालमा व्यापक रूपमा तजबिजीको अधिकार प्रदान गरेको छ। यसरी प्राप्त अधिकारको अभ्यास गर्दा, यी अधिकारीहरूले उद्यमहरूले कुनै निश्चित नियमको पालना गरेको सुनिश्चित गर्नका लागि पूर्व घोषणा नगरीकनै निरीक्षण गर्न सक्छन्। यसरी अचानक गरिने निरीक्षणले उद्यमहरूको दैनिक सञ्चालन तथा अभ्यासको वास्तविक चित्र बाहिर आउँछ तर यसलाई उद्यमीहरूले एक व्यवधानको रूपमा व्याख्या गर्ने गरेका छन् । बारम्बार तथा अघोषित निरीक्षणहरूले व्यावसायिक वातावरणलाई प्रतिकूल बनाउँछ र यसले मुलुकको उद्यमशीलताको वातावरणलाई नकारात्मक रूपमा प्रभाव पार्दछ ।

सरकारका विभिन्न तह तथा विभागहरूका धेरै निरीक्षकको हातमा निहित हुने निरीक्षणको प्रणालीबाट व्यवसायहरू मर्कामा पर्ने कुरा सर्वेक्षण, अध्ययन तथा भनाइहरूले पुष्टि गरेका छन् । निरीक्षणको अनिश्चितता तथा यसको प्रतिफलको अनभिज्ञताले उद्यमीहरूमा ठूलो जोखिम निम्त्याएको हुन्छ र उनीहरू लागनी गर्न हिच्किचाउँछन् । यो अवस्था लघु, साना तथा मझौला उद्यमहरूका लागि झनै सान्दर्भिक हुन्छ । यी उद्यमहरूका लागि निरीक्षणले उनीहरूका महत्वपूर्ण सदस्यहरूको समय र स्रोत मात्रै लिदैन, बरु राज्यको निकायको अगाडि भविषयमा आइपर्ने लागत तथा कमजोरीको जोखिमलाई पनि बढाइदिन्छ। साथै, यस्ता अभ्यासले प्रायः भ्रष्टाचारलाई प्रवर्द्धन गर्दछन् । अनुमगन अधिकारीहरू उद्यमहरूलाई सफाइ दिने सिलसिलामा घुस लिने विषयमा थप ग्रहणशील बन्न पुग्छन्। यस्तो अवस्थामा, उद्यमीहरू थ्प आर्थिक व्यवधानको सामना गर्नुपर्ने हुन्छ। यसले उद्यमशीलतामा गहिरो प्रभाव मात्रै पार्ने

नभएर यो बजारमा गलत अभ्यासलाई निरन्तरता दिने एक कानूनी छिद्रको रूपमा पनि रहिरहन्छ ।

अनुगमन अधिकारीको काम, कर्तव्य तथा अधिकारसम्बन्धी दफा ३३ मार्फत् सरकारले यी अधिकारीहरूलाई केही अधिकार प्रदान गरेको छ । यस दफामा गरिएको संसोधनले यी अनुमगन अधिकारीलाई प्रदान गरिने अधिकारमा वृद्धि गर्ने उद्देश्य लिएको छ । यस दफाको उप–दफा तथा खण्डहरूमा अस्पष्ट प्रावधानहरू समावेश गरिएका छन् जसलाई धेरै भिन्न तरिकाले व्याख्या गर्न सकिन्छ । अधिकारीहरूको अधिकारमा भएको वृद्धि र अस्पष्ट प्रावधानहरु समावेश भएसँगै, उद्यमीहरूमा निराशा बढ्ने सम्भावना हुन्छ । यदि व्यक्तिहरूलाई सामान्य गल्ती वा गलत आरोप लगाएर सजाय दिइएमा, निरीक्षणको अवधिभरि सञ्चालन हुन असक्षम हुने कारणले उद्यमहरू गम्भीर घाटा बेहोर्नु पर्ने पनि हुन्छ । साथै, निरीक्षण हुने ब्राण्डप्रति उपभोक्ताले निर्माण गर्ने अविश्वासको धारणाले पनि उद्यमहरूले घाटा बेहोर्नु पर्ने हुन्छ ।

उदाहरणका लागि सन् २०१७मा आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले दरबारमार्गका नौवटा ब्राण्डेड पसलहरूमा छापा मार्दै तालाबन्दी गर्‍यो । त्यसको २० दिनपछि मन्त्रालयले कानूनी प्रक्रिया शुरु गर्‍यो र पसलहरूलाई पुनः खोल्न अनुमति दियो । यहाँ सरकारको उद्देश्य ठगी गर्ने व्यवसायका विरुद्ध उपभोक्ताको अधिकार को संरक्षण रहेको थियो तर सरकारले व्यापारीहरूको अधिकारलाई भने बुझ्न सकेन । पहिलो पक्ष, कानूनसम्बद्ध

निकायहरूबाट उपयुक्त निरीक्षण नभएको र यी पसलहरू दोषी नठहरिने अवस्थामा पनि व्यापारीहरूले २० दिनसम्म आफ्ना पसल खोल्न पाएनन् । दोस्रो पक्ष, सरकार आजसम्म पनि उनीहरूको दस्तावेज तथा कागजातहरूको हालसम्म समीक्षा नगरेको अवस्थामा पनि यी ब्राण्डहरू प्रतिको धेरै उपभोक्ताको विश्वासमा गम्भीर प्रभाव पऱ्यो ।

उत्पादन गर्ने उद्यमहरूका हकमा, उद्यमीहरूले प्रायः अनुगमन गर्ने अधिकारीहरूसँग वस्तु वा सेवाको उत्पादनका विषयमा पर्याप्त ज्ञान नहुने र उद्यमहरूसँग प्रक्रिया तथा प्रविधिको प्रयोगको विषयमा निरन्तर विवाद गरिरहने गुनासो गर्दछन् । साथै, नमूना परीक्षण गर्दा हुने ढिलाइ तथा प्रविधिगत विकासको कमीका कारणले गर्दा गुणस्तरका नमूनाहरूमा क्षति पुग्ने गर्दछ जसले उद्यमहरूका लागि प्रायः समस्या निम्त्याउने गरेको छ ।

वस्तु तथा सेवा, उत्पादन गर्ने उद्यम र बजारसम्बन्धी ज्ञानको अभावले गर्दा अनुगमन अधिकारीहरूले गर्ने निरीक्षण विश्वसनीय नहुने सम्भावना हुन्छ जसले उद्यमीहरूमा निराशा तथा सन्देहको सिर्जना गर्दछ । उदाहरणका लागि, अनुमगन अधिकारीहरूले खुद्रा बिक्रेताहरूलाई तल्लो गुणस्तरको सामान बेचेकोमा जरिवाना लगाउने गरेका छन् । तर, खुद्रा व्यापारीहरूलाई उत्पादकहरूले गरेको ठगीको बारेमा केही पनि थाहा हुँदैन किनभने प्रायः वस्तुहरू शिलबन्दी गरिएको प्याकेटमा आपूर्ति गरिन्छन् । तर, सजाय र जरिवाना खुद्रा बिक्रेताहरूले बेहोर्नु पर्ने हुन्छ भने उत्पादन तर्फ भने कुनै निरीक्षण गरिदैन ।

## सुझाव

निरीक्षणलाई पूरा गर्ने विभिन्न पक्षहरूलाई सुधार गर्नुपर्ने पूर्वशर्त आवश्यक पर्ने उपयुक्त निरीक्षण संयन्त्रको निर्माण।

- ऐनले अनुगमन अधिकारीको अधिकारलाई सीमित बनाउनुपर्दछ र अस्पष्ट नसुनिने गरी राम्ररी परिभाषित तथा निश्चित भाषासहित प्रावधानलाई समावेश गर्ने। उक्त प्रावधानले यदि कुनै व्यक्ति निरीक्षणपछि दोषी पाइएमा मात्रै अनुगमन अधिकारीले निज व्यक्तिलाई पक्राउ गर्न सक्ने कुरा स्पष्ट रूपमा उल्लेख गर्नुपर्दछ। अन्तर्राष्ट्रिय मान्यताअनुरूप, यदि आकस्मिक रूपमा निरीक्षण गर्नु परेमा, प्रक्रियागत पारदर्शीता तथा निरीक्षकहरूको नियन्त्रणको तजबिजीलाई संकुचित बनाइनु पर्दछ।
- निरीक्षण सेवाहरूले आकस्मिक निरीक्षण तथा अनुपालनालाई सजाय/जरिवाना तोक्नेमा जति कार्य गरिन्छ त्यति नै प्रयास व्यवसायहरूलाई जानकारी प्रदान गर्न तथा अनुपालनासम्बन्धी सेवा प्रदान गर्न गर्नुपर्दछ।
- ऐनले नमूना परीक्षणजस्ता निरीक्षणको प्रक्रिया पूरा गर्नुपर्ने समयावधिलाई पनि सीमित बनाउनु पर्दछ। यसले यदि अनुगमन अधिकारीहरूले उनीहरूको तोकिएको भूमिका तथा जिम्मेवारीअनुरूप काम नगरेमा भोग्नु पर्ने सजायका बारेमा पनि स्पष्ट रूपमा उल्लेख गर्नु पर्दछ। यदि यस्तो हुन नसकेमा, उक्त ऐनले कम्तीमा पनि कुन ऐन अन्तर्गत यस्ता कार्यहरूलाई सजाय दिइनेछ भनेर उल्लेख गर्नुपर्दछ।
- हरियाणमा अनुपालना उल्लंघन गरेकाविरुद्ध कुनै विश्वसनीय तथा प्रमाणित गर्न सकिने उजुरी लिखित रूपमा परेमा र उच्च सरकारी निकायले अनुमोदन गरेपछि मात्रै व्यवसायहरूको निरीक्षण गरिन्छ। यस प्रावधानले

निरीक्षणको विषयमा हुने तजबिजी र स्वेच्छाकारी प्रवृत्तीलाई नियन्त्रित गर्दै उद्यमीहरूप्रति हुने दुर्व्यवहारलाई सीमित गर्ने प्रयास गर्दछ ।

## ८) सजाय तथा जरिवाना

ऐनमा समावेश गरिएका सजाय तथा जरिवानाहरू एकदमै कठोर छन् र यसले उद्यमीहरूलाई थप लगानी गर्न अनिच्छुक बनाउन सक्छ । दफा ३९ र ४०मा सजाय तथा जरिवानाका प्रावधानहरू समावेश गरिएका छन् जसलाई यदि लागू गरिएमा उद्यमहरूले समस्या भोग्नेछन् । प्रतिफल अनिश्चित हुने निरीक्षणको त्रासले ठगीमा संलग्न रहेका व्यवसायलाई मात्रै नभएर इमानदार व्यवसायहरूमा पनि सन्देहको सिर्जना गर्दछ । यो परिस्थिति लघु, साना तथा मझौला उद्यमहरूका लागि झनै सान्दर्भिक हुन्छ । नेपालमा साना उद्यमीहरूसँग अनुपालनाका विषयमा पर्याप्त जानकारी तथा ज्ञान हुँदैन । यस्ता कठोर र सख्त कानूनहरूले उनीहरूलाई लगानी गर्नबाट रोक्न पनि सक्छ । समाजका अगाडि बेइज्जत हुने सम्भावनाको कारण हुने भावानात्मक विचलन यति हानिकारक हुनसक्छ कि यसले उद्यमशीलताका प्रयासहरूलाई पनि घटाउन सक्छ ।

दफा ३९ र ४०ले उद्यमहरूले अनुपालना गर्ने सजाय तथा जरिवाना रकमको सूची प्रस्तुत गरेको छ। तर यसले साना वा ठूला सबै प्रकारका उद्यमलाई उस्तै सजाय तथा जरिवानाको व्यवस्था गरेको छ जुन आफैँमा उचित होइन । ठूला

उद्योगले गर्ने ठगी र साना उद्यमहरूले गर्ने सामान्य गल्तीलाई एकैनासले सजाय दिइदा साना उद्यमीहरूलाई विशेष हानि हुन्छ। उदाहरणका लागि, यदि ऐन अन्तर्गत, आफ्नो पसलमा उपभोग गर्ने मिति गुज्रिएको पेय पदार्थ राख्ने सानो खुद्रा व्यापारी र मिति गुज्रिएको पेय पदार्थको पूरै ब्याच नै प्रतिस्थापन गरिरहेको उद्योगहरूलाई एकैनासको सजाय तथा जरिवाना हुन्छ। साथै, माथि उल्लेख गरिएका प्रवाधान तथा यसले उद्यमीलाई पार्ने प्रभावहरूको आलोचना मात्रै हुन्छ किनभने यसले गल्ती गर्नेहरूलाई सही तरिकाले सजाय दिदैन। नेपालमा ठगीविरुद्ध धेरै उजुरीहरू पेर पनि केही पसलहरू मत्रै बन्द गरिएका छन् र गल्ती गर्ने अधिकांशहरूका विरुद्ध कुनै कारबाही गरिएको छैन। सरकारले गर्ने बजार अनुगमन प्रति व्यापारीहरूले गर्ने उपेक्षाले सराकारी निकायहरूको खुल्लम–खुल्ला अवज्ञा गरेको अभ्सायलाई प्रस्तुत गर्दछ। यस्ता परिणाम पछाडिको एक प्रमुख कारण भनेको ठगी गर्नेका विरुद्ध लगाइन सक्ने दफा ४०मा समावेश भएको जरिवानाको बृहत्तर विस्तार हो । यसको निहितार्थ जरिवानाको रूपमा भुक्तानी गरिनु पर्ने रकम अनुगमन अधिकारीको तजबिजीमा निहित रहेको हुन्छ। यस्ता तजबिजीका अधिकारले नियमन गर्ने सरकारी निकाय तथा निरीक्षकहरूलाई परभक्षीजस्तो अभ्यास गर्ने आज्ञा दिन्छ र अर्थतन्त्रमा भ्रष्टाचार तथा घुसलाई प्रवर्द्धन गर्दछ।

यस्तो अवस्थामा, उद्यमीहरूका लागि आफ्नो व्यवसाय राम्ररी सञ्चालन गर्न सरकारी अधिकारीहरूसँग मित्रवत सम्बन्ध स्थापित गर्नुपर्ने परिस्थिति निम्त्याउँछ। सामान्यतया: बारम्बार हुने निरीक्षणजसता सरकारी अधिकारीहरूसँग हुने अन्तर्क्रियालाई सहने र व्यवसाय असफल हुने सम्भावनालाई टार्नका लागि प्रत्येक पटक घुस दिनेभन्दा अरु विकल्प उद्यमीहरूसँग हुँदैन।

यस्ता व्यवहारले सरकारी निकायहरूको सशक्ततालाई सीमित बनाउने, विश्वास हराउने र जसरी पनि बाँच्ने कुरालाई प्रवर्द्धन गर्दछ। विद्यमान अवस्थामा, यस्ता व्यवहारहरूले अनैतिक व्यवहारलाई निरन्तरता दिने कुरामा योगदान पुऱ्याएको जस्तो पनि देखिएको छ। यो बजारमा अनैतिक व्यवसाय गर्नेहरू पनि रहिरहने एक कानूनी छिद्र हो।

## सुझाव

- अनैतिक व्यवहार गर्नबाट व्यवसायहरूलाई हतोत्साहन गर्ने उपायहरूमा सजाय र जरिवाना गर्ने पक्षहरू मात्रै समावेश गरिनु हुँदैन। यस ऐनले अनुगमन अधिकारीहरूलाई व्यवसायहरूलाई, विशेषगरी लघु तथा साना उद्यमहरूलाई उनीहरूले अनुपालना गर्नुपर्ने विभिन्न नियम कानून तथा मापदण्डका बारेमा सूचना दिने तथा शिक्षित बनाउने जिम्मवारी पनि दिइनुपर्दछ। यसले यस्ता गलत अभ्यासहरूलाई धेरै हदसम्म घटाउन सक्छ।
- यस ऐनले जरिवानाको बृहत्तर हद प्रस्तुत गर्नु हुँदैन र अनुगमन अधिकारीहरूलाई तजबिजीको अधिकार पनि प्रदान गर्नु हुँदैन। यस ऐनले निश्चित किसिमका ठगीका लागि निश्चित रकम जरिवाना भुक्तान गर्नु पर्ने कुरा स्पष्ट रूपमा उल्लेख गर्नुपर्दछ।
- यस ऐनले विभिन्न आकारका व्यवसायहरूका लागि लागू हुने सजाय तथा जरिवानाको भिन्नतालाई उल्लेख गर्नुपर्दछ। जरिवानाको दरको निर्धारण गर्नु झनै उपयुक्त हुन्छ।
- कुनै पनि उद्यम वा व्यवसायलाई सजाय दिनुपूर्व उपयुक्त निरीक्षण गर्नु पर्दछ भन्ने पक्षका बारेमा ऐनले स्पष्ट रूपमा उल्लेख गर्नुपर्दछ।